स्थानीय सरकार

कोन्ज्योसोम गाउँपालिका

Konjyosom Rural Municipality

ཀོན་རྫོ་སོམ་གྲོང་པ་ལི་ཀ།

# गाउँ कार्यपालिकाको कार्यालय

Office of Rural Municipal Executive

चौघरे, ललितपुर

Chaughare, Lalitpur

बागमती प्रदेश, नेपाल।

Bagamati Province,Nepal.

पत्र संख्या /Ref.No: २०८२/०८३

चलानी नं./Dispatch No:

## गाडी भाडामा लिने सम्बन्धी सूचना !

**(प्रथम पटक प्रकाशित मितिः २०८२/०४/०२ गते)**

प्रस्तुत विषयमा यस कोन्ज्योसोम गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय, चौघरे, ललितपुरलाई कार्यालय प्रयोजनार्थ आ.व. २०८२/०८३ को लागि गाउँपालिकाको कार्यालयले खटाएको स्थानमा जुनसुकै समयमा संचालन हुन सक्ने चारपांग्रे सवारी साधन न्युनतम १४ (चौध) सिट क्षमता भएको गाडी (सवारी साधन) थान-१ (एक) कार्यालय प्रयोजनको लागि भाडामा लिनुपर्ने भएकाले यो सूचना प्रकाशित भएको मितिले ७ दिन कार्यालय समय भित्रमा यस कार्यालयको राजश्व शाखा वा सानिमा बैंकमा रहेको कार्यालयको खाता नं.०६६०१००४००००१३(कोन्ज्योसोम गा.पा.ग-१.१ आन्तरिक राजश्व खाता) मा दस्तुर रु. १,०००।- तिरेको रसिद सहित तपसिल बमोजिमको शर्त र अधिनमा रही गोप्य सिलबन्दी प्रस्ताव खरिद गरी बुझाउन हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

<u>तपशिलः</u>

**कार्यालय प्रयोजनको लागि प्रयोग गरिने गाडी संख्याः एक (१)**

क) गाडीको ब्लुबुक चालु आ.व.को नवीकरण सहितको प्रतिलिपी ।

ख) गाडी धनीको नागरिकताको प्रतिलिपी ।

ग) सवारी वीमा सम्बन्धी कागजातको प्रतिलिपी ।

घ) सवारी धनीले चालक, मर्मत, ईन्धन सहित सवारी साधन उपलब्ध गराउनु पर्नेछ ।

ङ) गाडी भाड़ा अवधिभर चालकको तलब भत्ताका साथै सवारी चालकको खाना र बासको व्यवस्था सवारी धनीले आफै गर्नुपर्नेछ ।

च) गाडी भाडा, इन्धन, सवारी चालक, मर्मत समेत प्रति महिना के कतिमा दिन चाहेको हो सो कुरा स्पष्ट रुपमा अक्षर र अंकमा खुलाउनु पर्नेछ ।

छ) प्रति लिटर सवारी साधन कति कि.मि. गुड्ने हो सो समेत स्पष्ट खुलाउनु पर्नेछ ।

ज) सवारी साधनको मर्मत सम्भार र सर्भिसिङ्ग सवारी धनी आफैले गर्नुपर्नेछ ।

झ) सवारी साधन बिग्रेको खण्डमा वैकल्पिक सवारी साधनको व्यवस्था सवारी धनी आफैले गर्नुपर्नेछ ।

ञ) दरखास्त बुझाउने अन्तिम मिति २०८२/०४/०८ गते कार्यालय समय भित्र दरखास्त खरिद गरी बुझाई सक्नुपर्नेछ ।

ट) गोप्य सिलवन्दी दरभाउ-पत्र ८औ (२०८२/०४/०९ गते) दिनको ठीक ११:०० बजे गाउँ कार्यपालिकाको कार्यालयमा कर्मचारी र प्रतिनिधीको रोहबरमा खोलिनेछ ।

छ) अन्य कुराको हकमा, गाउँ कार्यपालिकाको कार्यालयले निर्णय गरे बमोजिम हुनेछ ।

२०८२/०४/०२

गोपाल प्रसाद दुलाल

प्रमुख प्रशासकीय अधिकृत